Get Printed Study Notes for UPSC Exams - www.iasexamportal.com/notes

CS (Main) Exam, 2020

URC–C–NPLI

# नेपाली

( अनिवार्य )

| अनुज्ञापित समय : तीन घण्टा | अधिकतम अङ्क : 300 |
|---|---|

## प्रश्न-पत्र सम्बन्धित विशेष अनुदेशावली

**कृपया प्रश्नका उत्तर लेख्नुअघि तल दिइएका प्रत्येक अनुदेशलाई ध्यानपूर्वक पढ्नुहोस्**

सबै प्रश्नका उत्तर लेख्नु अनिवार्य छ।

प्रत्येक प्रश्न/अंशका अङ्क तिनका विपरीतमा सूचित गरिएको छ।

प्रश्नमा निर्देश नगरिएको भए तापनि उत्तर नेपाली (देवनागरी लिपि)-मा लेख्नु अनिवार्य छ।

प्रश्नमा जहाँ विशेष रूपले उल्लेख गरिए-अनुसार शब्द-सीमालाई पालन गर्नु आवश्यक छ। यदि उल्लेख गरिएको भन्दा लामो अथवा छोटोमा उत्तर लेखिए अङ्क घटाइने छ।

प्रश्न-सह-उत्तरपुस्तिकामा खाली छोडिएका पन्ना अथवा कुनै भाग स्पष्टसित काटिएको हुनुपर्छ।

# NEPALI

**( Compulsory )**

| Time Allowed : Three Hours | Maximum Marks : 300 |
|---|---|

## QUESTION PAPER SPECIFIC INSTRUCTIONS

**Please read each of the following instructions carefully before attempting questions**

All questions are to be attempted.

The number of marks carried by a question/part is indicated against it.

Answers must be written in NEPALI (Devanagari script) unless otherwise directed in the question.

Word limit in questions, wherever specified, should be adhered to and if answered in much longer or shorter than the prescribed length, marks may be deducted.

Any page or portion of the page left blank in the Question-cum-Answer Booklet must be clearly struck off.





Get Printed Study Notes for UPSC Exams - www.iasexamportal.com/notes

**1.** निम्नलिखित कुनै **एक** विषयमा *600* शब्दहरूमा निबन्ध लेख्नुहोस् : 100

*(a)* भारतमा स्वास्थ्य सेवाहरूको स्थिति

*(b)* भारतीय कृषक कानून, 2020 को सार्थकता

*(c)* राष्ट्रीय शिक्षा नीति, 2020 को चुनौतीहरू

*(d)* वर्तमान समयमा कृत्रिम बुद्धि (AI)को उपयोगिता

**2.** निम्नलिखित गद्यांशलाई ध्यानपूर्वक पढ्नुहोस् अनि त्यसको आधारमा तल दिइएका प्रश्नहरूका उत्तर स्पष्ट, सठीक र संक्षिप्त भाषामा दिनुहोस् : 12×5=60

जीवन अनि पर्यावरणमा घनिष्ठ सम्बद्ध छ। समस्त जीवधारीहरूको जीवन पर्यावरणमाथि धेरै निर्भर गर्छ। अतः हाम्रो तन-मनको रचना, शक्ति, सामर्थ्य अनि अद्वितीय विशेषताहरू सम्पूर्ण पर्यावरणबाट नै नियन्त्रित हुने गर्छ, त्यसैमा हुर्कन्छ र विकास पाउँदछ। वस्तुतः जीवन अनि पर्यावरण एक-अर्कासित यसरी जोडिएको हुन्छ कि दुवैको सह-अस्तित्व अत्यन्त आवश्यक ठहर्छ।

पर्यावरण हाम्रो रक्षा-कवच हो जो प्रकृतिबाट हामीलाई प्राप्त भएको छ। यो हामी सबैको पालनकर्ता र जीवन-आधार हो।

पर्यावरण मूलतः प्रकृतिको देन हो। यो भूमि, वन-पहाडहरू, नदी-निर्झरहरू, मरुस्थलहरू-मैदानहरू, उपत्यका, रङ्गी-बिरङ्गी पशु-पक्षीहरू, स्वच्छ जलले भरिएको लह-लहाउँदो पोखरीहरू अनि सरोवरहरूले भरिपूर्ण छ। यसमा बहने शीतल मन्द सुगन्ध वायु तथा तरङ्गित र अमृतधारा बर्साउने बादल प्रकृतिका अंग हो। यी सबै प्रकृतिका देनहरू धरतीमा बसोबास गर्ने मनुष्यहरूको विकास र सुख-समृद्धिका लागि एक सन्तुलित पर्यावरणको निर्माण गर्दछ। तर पर्यावरणको यो प्राकृतिक सन्तुलन बडी तेजसँग बिग्रँदै गइरहेको छ। आश्चर्य लाग्छ कि मनुष्य धरतीको यी स्रोतहरूलाई कति अन्धाधुन्ध दोहन गर्दै गइरहेको छ, उनीहरू यसको वरदानहरूलाई यस प्रकार अविवेकपूर्ण दुरुपयोग गरिरहेको छ कि सारा प्रकृति-तन्त्र गडबड भइरहेको छ। अब त्यो दिन टाडो छैन जब धरतीमा सैकडो वर्ष पुरानो हिमयुग फर्केर आउँछ अथवा ध्रुवहरूमा जमेको हिउँको मोटो तह पग्लिनाले समुद्रको प्रलयङ्कारी लहरहरू, नगरहरू, वन-पर्वतहरू अनि जीव-जन्तुहरू नै विलुप्त हुन्छ।

निश्चय नै पर्यावरणलाई विकृत र दूषित तुल्याउने समस्त विपदहरू हामी आफैले ल्याएका हौं। हामी आफैले प्रकृतिको सन्तुलन बिगारी रहेका छौं। यही असन्तुलनबाट भूमि, वायु, जल र ध्वनिको प्रदूषण उत्पन्न हुन्छ। पर्यावरण प्रदूषणबाट फोक्सोको रोग, मुटु र पेटको बिमारी, दृष्टि-श्रवणशक्तिहीनता, मानसिक तनाउ अनि तनाउ-सम्बन्धित दोस्रो बिमारीहरू पैदा भइरहेको छ। हामी सबै जान्दछौं कि धरतीमा मनुष्य जातिको बच्नका लागि जीवन र प्रकृति-माझ राम्रो सन्तुलन आवश्यक छ। धरती बनस्पतिहरूबाट नढाकियोस्, यसैले घाँस-खाने जानवरहरू पर्याप्त सङ्ख्यामा थिए। यी घाँस-खाने जानवरहरूको सङ्ख्यालाई सन्तुलित-सीमित राख्नलाई हिंस्रक जन्तुहरू पनि थिए। यी तीनैको अनुपात सन्तुलित र नियन्त्रित थियो। आधुनिक युगमा वैज्ञानिक आविष्कारहरू र उद्योगधन्दाहरूको विकास-विस्तारको साथ-साथै जनसङ्ख्याको पनि भयावह विस्फोट भएको छ।

*(a)* यो भनाईको आशय स्पष्ट गर्नुहोस् कि "जीवन अनि पर्यावरणमा घनिष्ठ सम्बन्ध छ"।

*(b)* पर्यावरण र प्रकृतिको के सम्बन्ध रहेको मानिन्छ?

*(c)* संतुलित प्रकृतिले पर्यावरणको निर्माण कसरी गर्छ?

*(d)* पर्यावरण-असन्तुलनबाट हाम्रो जीवनमा के हानि भइरहेको छ?

*(e)* पर्यावरण-प्रदूषणबाट हाम्रो जीवनमा कुन-कुन प्रकारका बिमारहरू उत्पन्न भइरहेको छ?



Download FREE UPSC E-BOOKS FREE! CLICK HERE

Get Printed Study Notes for UPSC Exams - www.iasexamportal.com/notes

**3.** निम्नलिखित अनुच्छेदका सारांश एक-तिहाई शब्दहरूमा लेख्नुहोस्। यसको शीर्षक लेख्ने आवश्यकता छैन। सारांश आफ्नै शब्दहरूमा लेख्नुहोस् : 60

भारतको एकता र स्वतन्त्रता एउटै तस्वीरको दुई पाटाहरू हुन्। यदि हाम्रो एकता हातबाट निक्लन्छ भने स्वतन्त्रता पनि ढोका खोलेर बाहिर निक्लन्छ। यसैले समस्त भारतबासीहरूको पहिलो कर्तव्य यो हुन्छ कि पूरा निष्ठासँग आफ्नो राष्ट्रीय एकताको रक्षा गर्नुपर्छ। भारतमा राष्ट्रीय समस्या भाषाहरूको समस्याहरूभन्दा पनि ठूलो र विशाल छ। एकताको रक्षाको लागि हामीलाई अपमान सहनु पर्‍यो भने पनि हामीले त्यसलाई सहनुपर्छ। एकताको रक्षाका लागि यदि हामीले अन्याय सहनु पर्‍यो भने हामी अन्यायलाई पनि सहनेछौं। यो सबै यसैले सहनु पर्नेछ कि भारतको एकता जब स्थिर र शक्तिशाली हुन जान्छ, तब हाम्रो अपमान कसैले गर्न पाउँदैन। त्यसपछि देशको एक भागले कुनै अर्को भागसँग अन्याय गर्न पनि भुल्नेछ। आज हाम्रो आर्थिक स्थिति बलियो छ भने तब आन्तरिक झगडा पनि समाप्त हुनेछ। यदि त्यो रह्यो भने पनि त्यस राज्यहरूमा पहिला जस्तो कटुता रहँदैन, किनभने समृद्धिले व्यक्तिको सोंचलाई प्रभावित तुल्याउँछ।

एकताको रक्षाको साथसाथै हाम्रो दोस्रो कर्तव्य यो हुन्छ कि हामी भारतको त्यो रूपको सुधार गर्ने कोशिश गरौं जसलाई साकार पार्नका लागि त्यो स्वाधीन भएको हो। भारतले स्वतन्त्रता प्राप्त गरेको ७३ वर्ष भएको छ तर अझै पनि हामीलाई अन्य धेरै लक्ष्यहरू प्राप्त गर्न खाँचो छ। स्वाधीनता केवल रोटीको पर्याय होइन। स्वाधीनता केवल कारखानाहरूको स्थापना गर्ने योग्यता पनि होइन। स्वाधीनताको वास्तविक अर्थ आत्माको त्यो स्वतन्त्रता, मानसको त्यो मुक्ति हो, जसको कारण राष्ट्र आफ्नो व्यक्तित्वलाई पूर्ण रूपले अभिव्यक्त गर्दछ। यदि कुनै व्यक्ति भोको छ भने उसको अघि दर्शन विषयमा भाषण दिनु व्यर्थ हुन्छ।

भारत कुनै नयाँ देश होइन। जुन भाषामा उसको संस्कृतिको विकास भयो, त्यो संसारको सबभन्दा प्राचीन भाषा हो, जुन ग्रन्थलाई भारतीय सभ्यताको आदिग्रन्थ मान्न सकिन्छ त्यही नै सम्पूर्ण मानवताको पनि प्राचीनतम ग्रन्थ हो। अनेकौं विदेशी आक्रमणहरू पछि पनि भारत आफ्नो संस्कृतिदेखि विमुख हुन तयार भएन। नवीन औद्योगिक तथा वैज्ञानिक सभ्यता पनि भारतदेखि उसको अतीतको प्रेमलाई अलग गर्न सक्तैन। सत्य केवल त्यही होइन जो बितेको अढाई सय वर्षदेखि हाम्रो अघि दिइएको पाउँछौं, तर त्यो ज्ञानको पनि धेरै अंश सत्य हो जसको विकास बितेको ६००० वर्षमा भएको हो। भारतलाई त्यो नवीन सत्य पनि चाहिन्छ जसले भौतिक समृद्धिलाई पनि सम्भव बनाउँछ अनि प्राचीनकालको त्यो सत्य पनि चाहिन्छ जो नैतिक हो र जसले आत्माको शोषण गर्नु पाप भन्छ।

जबदेखि विज्ञानको उदय भयो संसारका अधिकांश देशहरूमा प्राचीन मूल्य र वर्तमान विचारधारा-माझ संघर्ष भइरहेको छ। आज अधिकांश देशहरूमा अतीत पराजित र वर्तमान विजयी भएको छ। केवल भारत नै यस्तो देश हो जहाँ अतीत आज पनि वर्तमानसंग संग्राम गरिरहेको छ। यो संग्राम भारतमा लामो समयदेखि चलिरहेको छ। तथापि, भारतको प्राचीन ज्ञान आज पनि न ता दुर्बल छ न अप्रासङ्गिक। भारतको प्राचीन ज्ञान वर्तमानलाई साथ लिएर भविष्यतर्फ अग्रसर रहेको भेटिन्छ। आज पनि भारत आफ्नै मार्गमा अग्रसर छ। रामकृष्ण र विवेकानन्द, तिलक र अरविन्द यी सबै महापुरुषहरू प्राचीन ज्ञानको पक्षधर थिए। यिनीहरूले वर्तमानलाई समेटेर भविष्यतर्फ बढ्ने शिक्षा दिएर गए। महात्मा गान्धी सबभन्दा पहिला अतीतको आवाज थिए। आचार्य विनोबा भावे पनि अतीतकै चश्माले वर्तमान र भविष्यलाई हेर्ने गर्थे। रवीन्द्रनाथ टैगोर पनि नवीन हुँदा हुँदै पनि प्राचीन ज्ञानका सबभन्दा ठूला समर्थक थिए। आज पनि हामीले अतीतलाई छोडेका छैनौं। अतीत हाम्रो सबभन्दा ठूलो धरोहर हो।

**4.** निम्नलिखित गद्यांशलाई अंग्रेजीमा अनुवाद गर्नुहोस् : 20

यो जीवनको सत्य हो कि यदि हिंड्दाखेरि सचेत भएर नहिंडे आफ्नो खुट्टा फोहोर वा खाडलमा जाकिनु पुग्छ। यही सत्य विज्ञानको बढ्दो चरणहरूका साथमा पनि चरितार्थ हुन्छ। यदि हामीले त्यसको प्रयोग मानव-कल्याण र विकासका लागि



Download FREE UPSC E-BOOKS FREE! CLICK HERE

Get Printed Study Notes for UPSC Exams - www.iasexamportal.com/notes

गर्‍यौं भने विज्ञान वरदान बन्न जान्छ। त्यसको उपादेयतालाई कसैले नकार्न सक्तैन। तर त्यसको उपयोग विध्वंसकारी कामहरूका लागि भयो भने त्यो विनाशको कारण बन्न पुग्छ अनि अभिशाप सिद्ध हुन्छ। यो विध्वंसकारी रूपको कारण नै विज्ञानदेखि हामीलाई जुन भौतिक सुख-सुविधाहरू प्राप्त भएको छ त्यसले हामीलाई मानसिक सुख तथा शान्ति प्रदान गर्नमा असमर्थ सिद्ध भइरहेको छ। भौतिक प्रगति सँगसँगै मानव जीवन अत्यन्त व्यस्त, व्यावसायिक र भौतिकतावादी हुँदै गइरहेको छ। फलतः विज्ञान र उसको उपलब्धिहरूले मानवलाई आत्मिक सुख-शान्तिदेखि वञ्चित गरिदिएको छ। नैतिक मूल्यहरू र मानवीय सम्बन्धहरूको ह्रास भएको छ। तथापि, यसमा दोष मानवकै छ जसले यसको दुरुपयोगबाट आफैलाई भीषण सङ्कटमा पुर्‍याएको छ। ठूला-ठूला संहारक अस्त्रहरू यसैको प्रमाण हो।

यदि मनुष्य आफ्नो व्यक्तिगत स्वार्थहरूलाई छोडेर जनहितको विचारबाट विज्ञानको बढ्दो चरणहरूको उपयोग गर्छ भने निस्सन्देह त्यो चरण मानव प्रगतिका लागि मंगलमय सिद्ध हुन्छ।

**5.** निम्नलिखित गद्यांशलाई नेपालीमा अनुवाद गर्नुहोस् : 20

One of India's greatest musicians was M. S. Subbulakshmi, affectionately known to most people as 'MS'. Her singing brought joy to millions of people not only in all parts of our country, but in other countries around the world as well. In October 1966, MS was invited to sing in the great hall of the General Assembly of the United Nations in New York, while representatives of all the member countries listened. This was one of the greatest honours ever given to any musician. For several hours MS kept that international audience spellbound with the beauty of her voice and her style of singing; when the concert was over, the entire audience stood up and clapped as a sign of their appreciation of not only the singer but of the great music that she had carried with her from an ancient land. India could not have had a better ambassador. MS was the first musician ever to be awarded the 'Bharat Ratna', India's highest civilian honour. She was the first Indian musician to receive the Ramon Magsaysay Award in 1974 with the citation reading "exacting purists acknowledge Shrimati M. S. Subbulakshmi as the leading exponent of classical and semi-classical songs in the Carnatic tradition of South India".

**6.** *(a)* *(i)* तलका कुनै **पाँच** शब्दहरूको सन्धि-विच्छेद गर्नुहोस् : 5

चिन्मय ; किञ्चित ; संवाहक ; वयोवृद्ध ; तदनुसार ; सान्नानी ; यशोदा।

*(ii)* तलका कुनै **पाँच** अनेकार्थ शब्दहरूको प्रत्येकको दुई-दुईवटा भिन्न अर्थ दिनुहोस् : 5

जोर ; तर ; नीर ; बन्धकी ; हुस्सू ; पुतली ; बैंस।

*(b)* *(i)* तलका कुनै **पाँच** समस्तपदलाई विग्रह गर्नुहोस् : 5

हरघडी ; यथाक्रम ; वाचाबन्धन ; अनावरण ; रतन्धो ; पाएजति ; कर्तव्यनिष्ठ।

*(ii)* तलका कुनै **पाँच** प्रत्यय लगाएर पाँचवटा शब्द बनाउनुहोस् : 5

आलो ; अनीय ; तव्य ; उन्जेल ; एको ; वाइ ; उक।



Download FREE UPSC E-BOOKS FREE! CLICK HERE

Get Printed Study Notes for UPSC Exams - www.iasexamportal.com/notes

(c) (i) तलका कुनै **पाँच** वाग्धारालाई वाक्यमा प्रयोग गर्नुहोस् : 5

हावा खानु ; पेट काट्नु ; कुइराको काग ; तीन न तेह्रको ; मागिखाने भाँडो ; इतिश्री हुनु ; काँचुली फेर्नु।

(ii) तलका कुनै **पाँच** उखानहरूलाई पूरा गर्नुहोस् : 5

(1) इलमीको भागमा .........।

(2) घर भाडिन्छ कुराले .........।

(3) गर्ने भन्ने हनुमान .........।

(4) छोरीलाई भन्नु .........।

(5) छोरोभन्दा नातीको माया .........।

(6) राजा खान्छ निसाफले .........।

(7) विद्या हराए काशी जानु .........।

(8) सुखले अघाइँदैन .........।

(d) (i) तलका कुनै **पाँच** शब्दको विपरीतार्थक शब्द लेख्नुहोस् : 5

जाग्रत ; मधुर ; प्राच्य ; सापेक्ष ; निर्जल ; अपराधी ; चञ्चल।

(ii) तलका कुनै **पाँच** वाक्यलाई एउटा-एउटै शब्दमा लेख्नुहोस् : 5

(1) कुनै वस्तुमा लागेको दाग।

(2) अड्डा-अदालतको रुपियाँ राख्ने ढिकुटी।

(3) जो दुवै तर्फ छलङ्ग देख्न सकिन्छ।

(4) जसले इन्द्रियहरूलाई वशमा राख्नसक्छ।

(5) तरल पदार्थमा परेको मैलाको जमाहट।

(6) अघिदेखि चलि आएको।

(7) आफ्नो धर्ममा पूरा विश्वास भएको।

(8) लम्बाइ, चौडाइ र मोटाइको फल।

★ ★ ★





Get Printed Study Notes for UPSC Exams - www.iasexamportal.com/notes

